# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०५।१८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय, पोखराका तत्कालीन निमित्त कार्यालय प्रमुख रघुपती चौधरी समेतले वार्षिक कार्यक्रम बमोजिम कफी खेतीको प्रवर्द्धनका लागि कृषकहरूलाई उपलब्ध गराएको Moisture Meter अनुदानबापत कृषकहरूबाट बुझाइएको रकम रसिद काटी बैंक दाखिलासहित लेखामा प्रविष्ट गर्नुपर्नेमा सो नगरी अनियमितता गरेको भन्ने विषयको उजुरीउपर अनुसन्धान हुँदा निज तत्कालीन निमित्त कार्यालय प्रमुख रघुपती चौधरीले राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय, पोखराले कफी खेतीको प्रवर्द्धनका लागि कृषकहरूलाई उपलब्ध गराएको Moisture Meter र पल्पर मेशिन ५०% अनुदानबापत कृषकहरूबाट बुझाइएको कुल रकम रू.६३,५७७।—(त्रिसट्ठी हजार पाँचसय सतहत्तर रूपैयाँ) रसिद काटी बैंक दाखिलासहित लेखामा प्रविष्ट गर्नुपर्नेमा सो नगरी नेपाल सरकारलाई रू.६३,५७७।-(त्रिसट्ठी हजार पाँचसय सतहत्तर रूपैयाँ) बराबरको राजस्व रकम हानिनोक्सानी पुऱ्याएको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिमको कसुर पुष्टि हुन आएकोले निज तत्कालीन कार्यालय प्रमुख रघुपती चौधरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ७ ले व्यवस्था गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम विगो रू.६३,५७७।—(त्रिसठ्ठी हजार पाँचसय सतहत्तर रूपैयाँ) कायम गरी कैद सजायका साथै सो विगो असुल गरी जफत हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रू.६३,५७७।—(त्रिसठ्ठी हजार पाँचसय सतहत्तर रूपैयाँ) को दोब्बर जरिवाना गरी पाउन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**